## श्री ५ को सरकार

# श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४०।७।६ को निर्णयानुसार श्रमिक वर्गका समस्याको न्यायोचित समाधान प्राप्त गरी स्वस्थ औद्योगिक सम्बन्ध विकसित गर्ने दृष्टिकोणबाट श्रमिक, व्यवस्थापक र श्री ५ को सरकारबीच परस्परमा सहयोग र समन्वयको वातावरण कायम गर्न त्रिपक्षीय आधारमा देहायबमोजिमको राष्ट्रिय श्रम सल्लाहकार समिति गठन गरिएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. समितिको गठनविधिः

| | | | |
|---|---|---|---|
| (क) | सचिव, श्रम तथा सामाजिक कल्याण मन्त्रालय | – १ | अध्यक्ष |
| (ख) | उद्योग मन्त्रालयको प्रतिनिधि | – १ | सदस्य |
| (ग) | पर्यटन मन्त्रालयको प्रतिनिधि | – १ | ,, |
| (घ) | निर्माण तथा यातायात मन्त्रालयको प्रतिनिधि | – १ | ,, |
| (ङ) | श्रम विभागको महानिर्देशक | – १ | ,, |
| (च) | नेपाल उद्योग वाणिज्य संघको प्रतिनिधि | – २ | ,, |
| (छ) | होटल संघ नेपालको प्रतिनिधि | – २ | ,, |
| (ज) | यातायात व्यवसायी संघको प्रतिनिधि | – १ | ,, |
| (झ) | नेपाल मजदूर संगठनका औद्योगिक, यातायात र होटल क्षेत्रका प्रतिनिधि | – ५ | ,, |

२. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) श्री ५ को सरकारलाई श्रमसम्बन्धी विषयमा सुझाव र सल्लाह दिने ।

(ख) समितिले आवश्यक ठानेको विषयमा अध्ययन गर्ने ।

(ग) औद्योगिक क्षेत्र तथा कारखाना रहेका जिल्लाहरूमा आवश्यकतानुसार स्थानीय समिति गठन गर्दै जाने ।

आज्ञाले,
माधवलाल तवदार
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८४